भोटेकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

ईमेल ito.bhotekoshimun@gmail.com
वेबसाइट www.bhotekoshimun.gov.np

पत्र संख्या : ०८१/०८२
चलानी नं.

## भोटेकोशी गाउँपालिकाको प्रतिक चिन्ह(लोगो) निर्माण सम्बन्धी सूचना !!!

**सूचना प्रकाशित मिति: २०८१/११/०८**

भोटेकोशी गाउँपालिकाको आ.व २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार भोटेकोशी गाउँपालिकाको प्रतिक चिन्ह(लोगो) निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ लोगो डिजाइन गर्न इच्छुक व्यक्ति वा संस्थाले देहाय बमोजिमको शर्तमा रहेर डिजाइन गरी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा निवेदन साथ E-copy पेश गर्नुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ।

**डिजाइन सम्बन्धमा**

१. भोटेकोशी गाउँपालिकाको नाम र नेपालको झण्डा अनिवार्य समावेश हुनुपर्ने।
२. गाउँपालिकाको पहिचान, ऐतिहासिक, जनजीवन, भूगोल, साँस्कृतिक चिनारी एवं विशिष्ट पहिचान झल्कनु पर्नेछ।
३. कुनै पनि जातीयगत विभेद, साम्प्रदायिकता, सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतामा खलल आउन सक्ने संकेतको प्रयोग गर्न पाइने छैन।
४. लोगो अन्यत्रबाट नक्कल नगरिएको वा मैलिक हुनुपर्नेछ।

**डिजाइनसाथ पेश गर्नुपर्ने विवरण**

१. लोगोमा प्रयोग भएको रंग, शब्द र चित्रहरुले अभिव्यक्त गर्न खोजेको अर्थको व्याख्या तथा विश्लेषण गर्नुपर्नेछ।
२. डिजाइन गरिएको लोगो रंगीन प्रिन्ट (A4 साइजको कागजमा कम्तिमा ३०० DPI Resolution भएको JPEG Format मा) र सोको स्पष्ट कपि कार्यालयको Email मा उपलब्ध गराउनुपर्नेछ।
३. लोगो पेश गर्ने डिजाइनकर्ताले अनिवार्य रुपमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

**अन्य शर्त तथा बुँदा**

१. पेश भएको डिजाइनमा मुल्यांकन समितिबाट सुझाव आएमा परिमार्जन सहित डिजाइन स्वीकृत गर्न सक्नेछ।
२. लोगो स्वीकृत सम्बन्धी सम्पूर्ण अधिकार गाउँपालिकामामा निहित रहनेछ र स्वीकृत लोगोको सर्वाधिकार गाउँपालिकामा निहित रहनेछ। साथै सो लोगो डिजाइनकर्ताले अन्यन्त्र प्रयोग गर्न पाउने छैन।
३. लोगो स्वीकृत हुने डिजाइनकर्तालाई पुरस्कार स्वरूप कर सहित रु २५,००० (अक्षरुपी पच्चीस हजार मात्र) र सम्मानपत्र प्रदान गरिनेछ।

दीपक दाहाल
प्रमुख प्रशासकीय अधिकृत

**नोट:** गाउँपालिकाको थप जानकारीको लागि वेवसाइट तथा डिजिटल प्रोफाइल www.bhotekoshimun.gov.np हेर्नुहुन अनुरोध छ।